आज मिति २०८२/०१/०८ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ५९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पदमा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टाई | सदस्य सचिव | |

कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-

१- नेत्र प्रसाद खनाल - योजना तथा कार्यक्रम अधिकृत

२. पदम आचार्य - सहायक कम्प्युटर अपरेटर

# मालारानी गाउँपालिका, अर्घाखाँची

## गाउँ कार्यपालिकाको ५९ औं बैठक

मिति: २०८२।०१।०८

समय: दिउसो ११.०० बजे

बैठकका प्रस्तावहरु

गोविन्द अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

१ ५८ औं बैठकको समिक्षा सम्बन्धमा।

२ हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा।

३ अनुगमन प्रतिवेदन सम्बन्धमा।

४ आ.व.२०८२/८३ कालागि लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानमा सन्चालन हुने योजना छनौट सम्बन्धमा।

५ आ.व.२०८२/८३ कालागि लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानमा सन्चालन हुने योजना छनौट सम्बन्धमा।

६ मालारानी मन्दिर क्षेत्र बोरिङ् खानेपानी योजनामा प्रयोग भएका सोलारपाताहरु फिर्ता सम्बन्धमा

७ खानेपानी सरसफाई तथा स्वच्छता योजना( सन् २०२५-२०३५ ) सम्बन्धमा

८ ५ नं. वडा कार्यालय मर्मत सम्भार सम्बन्धमा

१० समुदायिक बिद्यालयका शिक्षकहरुको आन्दोलन सम्बन्धमा

११ प्रकाश स्मृति कप पुरुष भलिवल प्रतियोगित सम्बन्धमा.

१२ Youth Empowerment Semir- 2082 सम्बन्धमा।

१३ आर्थिक/ विपद् राहत सहयोग सम्बन्धमा

१४ बिबिध/ समसामयिक बिषयहरु सम्बन्धमा।

### बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ५८ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८१।१२।२६ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वियन अवस्थाबारे क्रमश समिक्षा गरियो। जसमा सबै निर्णयहरु कार्यान्वियनको चरणमा रहेकोले पूर्ण रुपमा कार्यान्वियन गर्न गराउन सरोकारावाला सबैले आवश्यक समन्वय र सहजिकरण गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८१।८२ का लागि गाउँसभाबाट विनियोजित रू ६२ करोड ४३ लाख ३७ हजार ४ सय ३८ मध्ये हालसम्म आम्दानी ६३.९४ प्रतिशत आय भई चालुतर्फ ५८.८९प्रतिशत र पुँजीगत बजेट तर्फ ४३.६८ प्रतिशत गरी जम्मा ५४.२२ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | मासिक अनुगमन प्रतिवेदन सम्बन्धमा | गाउपालिका उपाध्यक्षले योजना तथा कार्यक्रमहरुको अनुगमन गरी मासिक प्रतिवेदन गाउँ कार्यपालिका बैठकमा पेश गर्नुपर्ने कानुनी प्राबधान रहेको। | २०८१ चैत्र महिना सम्म यस गाउँपालिकाबाट सन्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी सुझाव, समस्या समेटेर तयार पारिएको अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भएकोले उक्त अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ४ | आ.व.२०८२/८३ का लागि लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानमा सन्चालन हुने योजना छनौट र प्रस्ताव पेश सम्बन्धमा। | आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका( देउखुरी) को च.नं.६६७ मिति २०८१।१२।२९ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८२।८३ का लागि प्रदेश समपुरक अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्रानुसार गाउँकार्यपालिकाबाट आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्नुपर्ने। | आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका( देउखुरी) को च.नं.६६७ मिति २०८१।१२।२९ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८२।८३ का लागि प्रदेश समपुरक अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्र र प्रदेश समपुरक अनुदान व्यवस्थापन(दोस्रो संशोधन ) कार्यविधि, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानबाट सन्चालन गर्ने गरी देहायका योजनाहरु प्राथमिकीकरण गरी बहुबर्षे आयोजनाको रुपमा छनौट गरी तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्ने साथै उक्त आयोजनाहरुको कुल लागतको ४० प्रतिशत गाउँपालिकाबाट व्यहोर्ने प्रतिबद्धता गर्ने। देहायः-<br><br>१. प्यारीखर्क- मलकाचौर- दोबाटा( प्युठान सिमाना) मो.बा. स्तरोन्नती वडा नं. ८<br>२. पातलकटेरा- थाम- कोदाले- सिमलचौर- डाँडाकटेरी मो.बा. स्तरोन्नती वडा नं. ४,३ र २ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ५ | आ.व.२०८२/८३ का लागि लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानमा सन्चालन हुने योजना छनौट र प्रस्ताव पेश सम्बन्धमा। | लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका( देउखुरी) को च.नं.२४८ मिति २०८१।१२।२९ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८२।८३ का लागि प्रदेश बिशेष अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्रानुसार गाउँकार्यपालिकाबाट आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्नुपर्ने। | लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका( देउखुरी) को च.नं.२४८ मिति २०८१।१२।२९ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८२।८३ का लागि प्रदेश बिशेष अनुदानका योजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्र र बिशेष अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६(दोस्रो संशोधन २०८१ समेत ) बमोजिम लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानबाट सन्चालन गर्ने गरी देहायका योजनाहरु छनौट गरी तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्ने। देहायः-<br><br>१. बिभिन्न वडाहरुमा खोपकेन्द्र भवनहरु निर्माण<br>२. किरण मा.वि. वडा नं. ४ अधुरो भवन निर्माण, संरक्षण र फर्निचर निर्माण | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६. | मालारानी मन्दिर क्षेत्र बोरिङ् खानेपानी योजनामा प्रयोग भएका सोलारपाताहरु फिर्ता सम्बन्धमा | गाउँपालिकाको अनुदानबाट निर्माण गरिएको मालारानी मन्दिर क्षेत्र बोरिङ् खानेपानी योजनामा बोरिङ् प्रयोजनको लागि सोलारपाताहरु उपभोक्ता समिति मार्फत खरिद गरी जडान भएकोमा हाल उक्त योजनामा ३ फेजको बिद्युत लाईन जडान भई उक्त खानेपानी योजना बिद्युतबाट सन्चालन हुने भएकोले उपभोक्ता समितिसँग समन्वय गरी सोलारपाता फिर्ता ल्याउनको लागि कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | गाउँपालिकाको अनुदानबाट निर्माण गरिएको मालारानी मन्दिर क्षेत्र बोरिङ् खानेपानी योजनामा बोरिङ् प्रयोजनको लागि सोलारपाताहरु उपभोक्ता समिति मार्फत खरिद गरी जडान भएकोमा सोलार प्रणालीको क्षमता अपुग भएको कारण हाल उक्त योजनामा ३ फेजको बिद्युत जडान आपुर्ति भई खानेपानी योजना बिद्युतबाट सन्चालन हुने भएकोले उपभोक्ता समितिसँग समन्वय गरी गाउँपालिकामा फिर्ता ल्याउने र आवश्यकताको आधारमा गाउँ कार्यपालिकाको कार्यालय , अन्तर्गतका कार्यालय र आयोजनामा प्रयोग गर्ने गरी कार्यालयमा आम्दानी बाँधी मौज्दात राख्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

बल बहादुर भट्टराई

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ७. | खानेपानी सरसफाई तथा स्वच्छता योजना( सन् २०२५-२०३५ ) सम्बन्धमा | यस गाउँपालिकाको पालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना( सन् २०२५-२०३५ ) निर्माण भएकोले उक्त योजना कार्यपालिकाबाट स्वीकृत हुनु पर्ने। | यस गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना( सन् २०२५-२०३५ ) निर्माण भएकोले संलग्न बमोजिमको उक्त योजना आवश्यकता सापेक्ष अद्यावधिक गर्ने गरी स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | ५ नं. वडा कार्यालय मर्मत सम्भार सम्बन्धमा। | यस गाउँपालिका वडा नं. ५ को कार्यालय भवन रङरोगन तथा मर्मत सम्भारको लागि सम्बन्धित वडाबाट अनुरोध भई आएकोमा उक्त कार्यालय भवन मर्मतको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | यस गाउँपालिका स्थित ५ नं. वडा कार्यालय भवन रङरोगन तथा मर्मतको लागि मर्मत सम्भार कोषबाट रु. ८००००।००व्यवस्थापन गरी मर्मत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | सामुदायिक बिद्यालयका शिक्षकहरुको आन्दोलन सम्बन्धमा | शिक्षक महासंघबाट मिति २०८१।१२।२०देखि घोषणा भएको आन्दोलनमा यस गाउँपालिका स्थित सामुदायिक विद्यालयका शिक्षक/ कर्मचारीहरु काठमाडौं केन्द्रित आन्दोलमा सहभागी हुँदा नतिजा प्रकाशन, बिद्यार्थि भर्ना अभियान लगायत विद्यालय शैक्षिक गतिविधिहरु ठप्प भएको सम्बन्धमा कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | मिति २०८१।१२।२० देखि सङ्घीय सरकार समक्ष विभिन्न माग राखी शिक्षक महासंघबाट घोषित आन्दोलनमा यस गाउँपालिकाका विद्यालयका शिक्षक/कर्मचारीहरु हालसम्म नै सहभागी भइरहँदा शैक्षिक सत्र २०८१ को नतिजा प्रकाशन, कक्षा ८ को ग्रेडवृद्धि परीक्षा सञ्चालन, शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना कार्यक्रम तथा पठनपाठन, शैक्षिक क्यालेण्डर निर्माण लगायतका महत्वपूर्ण शैक्षिक गतिविधि अवरूद्ध हुँदा विद्यार्थीको शिक्षा आर्जन गर्न पाउने मौलिक हक हनन भैरहेको विषयमा विद्यार्थी, अभिभावक लगायत विभिन्न सरोकारवालाको गम्भिर चासो र चिन्ता अभिव्यक्त भैरहेको सन्दर्भमा यथासिघ्र सहमति गरी शिक्षक कर्मचारीलाई विद्यालय फर्कने वातावरण निर्माण गर्न संघीय सरकारलाई अनुरोध गर्ने र शिक्षा ऐन हातमा लिएरै फर्कने अडान लिंदै आएको शिक्षक महासंघको अडानलाई पुनर्विचार गर्दै सरकारसँग सम्झौता गरी विद्यालयको कामकाजमा फर्कनको लागि शिक्षक कर्मचारीहरुलाई विशेष आह्वान गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १० | प्रकाश स्मृति कप पुरुष भलिवल प्रतियोगित सम्बन्धमा | मन्जरी युवा क्लब सन.पा.-२ ले खेलकुद महासंघका प्रथम सहिद स्व: प्रकाश महतको स्मृतिमा प्रकाश स्मृति कप पालिका स्तरीय पुरुष भलिवल प्रतियोगिता- २०८२ सन्चालनको लागि प्रस्तावना पत्र सहित आर्थिक सहयोग माग भई आएकोमा कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | मन्जरी युवा क्लब सन.पा.-२ बाट मिति २०८१।०१।१८ देखि २० गते सम्म सन्चालन हुने प्रकाश महतको स्मृतिमा प्रकाश स्मृति कप पालिका स्तरीय पुरुष भलिवल प्रतियोगिता- २०८२ को लागि रु. २५०००।००( पच्चिस हजार ) आर्थिक सहयोग उपलब्ध गराउने साथै उक्त खेल प्रतियोगितामा खेलाडीको टिम पठाउनको लागि आवश्यक समन्वय गर्न वडा नं. ८ का अध्यक्ष श्री नरेन्द्र कुमार बस्नेतलाई जिम्मा दिने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | Youth Empowerment Seminar - 2082 सम्बन्धमा। | २०८२।०१।१३ गते सुपा देउराली युथ नेटवर्कले अर्घाखाँची जिल्लाका युवाहरुलाई सहभागी गराई सन्चालन गर्ने Youth Empowerment Seminar- 2082 को लागि सहयोग माग भई आएकोमा कार्यपालिकाँबाट निर्णय गर्नु पर्ने। | २०८२।०१।१३ गते सुपा देउराली युथ नेटवर्कले अर्घाखाँची जिल्लाका युवाहरुलाई सहभागी गराई सन्चालन गर्ने Youth Empowerment Seminar- 2082 को लागि सहयोग स्वरुप रु. १००००।-( दश हजार ) आर्थिक सहयोग उपलब्ध गराउने ॥ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १२ | आर्थिक/ विपद् राहत सहयोग सम्बन्धमा | यस गाउँपालिका स्थित विभिन्न वडाहरुबाट आवश्यक कागजात संलग्न राखि आर्थिक सहयोग माग गरी निवेदन पेश भएकोमा निजहरुलाई आर्थिक आर्थिक/ विपद् राहत सहयोग उपलब्ध गराउन कार्यपालिकाबाट निर्णयहुनुपर्ने। | यस गाउँपालिका अन्तर्गत तपशिलका व्यक्तिहरुले उपचारको लागि आर्थिक सहयोग र विपद्को लागि राहत सहयोगको लागि आवश्यक कागजात सहित निवेदन पेश गरेको सन्दर्भमा निम्नानुसारका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहयोग / विपद् राहत उपलब्ध गराउने।<br><br>देहाय: १. सुमित्रा खड्का वडा नं. ७ मृगौंला रोगको उपचार सहयोग रु. २५ हजार। २. गिता भुसाल वडा नं.५को गोठ जलेर नष्ट भई पशु चौपाया मरेकोले तत्काल् राहत स्वरुप रु.१९ हजार। ३.वावुराम वि.क को फर्निचर हावा हुरीले उडाएकोले राहत स्वरुप रु. १५ हजार ( निज वडा नं. ४ को स्थायी वासिन्दा भई वडा नं. ३ मा फर्निचर उद्योग सन्चालन गरेको ) । ४. माधव भुसाल वडा नं. ५ आंशिक घर जलेको रु. १० हजार। ५. यमकला वि.क. वडा नं. ४ घर भत्केकोमा छानाको लागि आवश्यक जस्तापाता । ६. खिम लाल पोख्रेल वडा नं. १ घरको छानो उडाकोले छानाको लागि आवश्यक जस्तापाता । ७. दिन्दु वि.क. वडा नं. ३ घरको छानो उडाएकोले छानोको लागि आवश्यक जस्तापाता ८. आकाश भुसाल वडा नं. ७ घर आंशिक भत्केकोमा रु. १५ हजार । ९ .विष्णु प्रसाद पोख्रेल वडा नं. ४ घरको ओसारी उडाएकोले रु. ५ हजार। १०. नामदेव पोख्रेल वडा नं. ३ घरको ओसारी उडाएकोले राहत स्वरुप रु.५ हजार दिने। ११. तिल बहादुर दमाई वडा नं. २ घरको छानो उडाएकोले छानोको लागि आवश्यक जस्तापाता दिने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष